नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि.प्र.का. द.नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

# Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको वार्षिक प्रकाशन

आषाढ २०८१ July 2024

## यस भित्र

- प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी विषयमा सात प्रदेशका विभिन्न जिल्लामा भएका कार्यक्रमहरु
- रोयल्टी सङ्कलनसँग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा संघ-संस्थासंग अन्तरक्रिया कार्यक्रम
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस, २०८१
- प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस, २०८१
- माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूसँगको ब्रिफिङ
- **Beijing Treaty, WIPO Copyright Treaty, Performance and Phonograms Treaty, Rome Convention** सम्बन्धी अन्तरक्रिया कार्यक्रम
- रचना दर्ता सम्बन्धी विज्ञ राय/परामर्श समितिको बैठक
- रोयल्टी सम्बन्धी उच्चस्तरीय निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय
- प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा भएको रचना दर्ता सम्बन्धी विवरण (२०८१ साल आषाढ १७ गते सम्मको)
- प्रतिलिपि अधिकार उल्लङ्घन सम्बन्धी गुनासो तथा उजुरी विवरण

**सम्पादक मण्डल:**
पुण्य माया गुरागाई, रजिष्ट्रार
उत्तम प्रसाद दवाडी, कम्प्युटर अधिकृत
सुरेश चन्द्र अधिकारी, शाखा अधिकृत
कमल बहादुर तामाङ, लेखापाल
शालिकराम खतिवडा, नायब सुब्बा

**इमेल**
info@nepalcopyright.gov.np
**वेब पेज**
www.nepalcopyright.gov.np
P878+X8F Kathmandu

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयः एक चिनारी



साहित्य, कला, ज्ञान-विज्ञानका क्षेत्रमा साधनारत स्रष्टाहरूको प्रतिलिपि अधिकार र तत् सम्बन्धी अधिकारहरू (Copyright & Related Rights) को प्रभावकारी संरक्षण एव सर्जक र आविष्कारका धनीहरूको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्दै WIPO, WTO, लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपाल सरकारले हस्ताक्षर गरी जाहेर गरेका प्रतिबद्धताहरू पूरा गर्न आवश्यक कार्य गर्ने र स्रष्टा, सर्जक र रचयिताको मौलिक र बौद्धिक हितको संरक्षण, प्रवर्द्धन र विकास गर्ने मूल ध्येयका साथ तत्कालीन श्री ५ को सरकार (मं.प.) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१।०१।०७ मा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको हो । यस कार्यालयले स्रष्टा-सर्जकका अधिकार संरक्षण गर्न प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ का प्रावधानलाई छिटो, छरितो, प्रभावकारी, पारदर्शी र जवाफदेहीपूर्ण रूपमा कार्यान्वयन गर्नका लागि रचना दर्ता र सोको विवरण अध्यावधिक गर्ने, विभिन्न विधामा स्थापना हुने रोयल्टी सङ्कलन संस्थाहरूको रेखदेख, नियमन र नियन्त्रण गर्ने, सिर्जना कला र प्रस्तुतिका क्षेत्रमा क्रियाशील स्रष्टाहरूको हितमा काम गर्ने र प्रतिलिपि अधिकार सम्बन्धी सचेतनामूलक कार्य गर्दै आइरहेको छ ।

प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय नारायणहिटी दरबार सङ्ग्रहालय परिसरमा रहेको पश्चिम पट्टिको भवनको भुईंतलामा रहेको छ। कार्यालयमा विद्युतीय माध्यमबाट सम्पर्क गर्दा इमेल info@nepalcopyright.gov.np मा सम्पर्क गर्न सकिन्छ । सेवाग्राहीले आफ्नो रचना दर्ता अनलाइन प्रणाली मार्फत् गर्न सकिने गरी आर्थिक वर्ष २०७९/८० देखि कार्यालयले व्यवस्था गरेको छ । वेभ ब्राउजरमा system.nepalcopyright.gov.np मार्फत् आफ्नो रचना/सिर्जना दर्ता गर्न सकिन्छ भने रचना दर्ता प्रमाणपत्र समेत सोही प्रणालीबाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ। यस प्रकारको सेवाले नेपाल राज्य भित्रबाट मात्र नभई विश्वको जुनसुकै स्थानबाट सर्जक कलाकारले आफूले सिर्जना गरेको मौलिक र बौद्धिक रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणलाई सरल र सहज ढङ्गबाट जुनसुकै समयमा दर्ता गराउन सकिने छ। दर्ताका लागि कार्यालय समय पर्खिनुपर्ने र कार्यालयमा नै पुग्नुपर्ने झन्झटबाट सेवाग्राही मुक्त हुने समेत विश्वास लिइएको छ ।

# सम्पादकीय

मानव मन-मस्तिष्कको सिर्जना बौद्धिक सम्पत्ति हो भने प्रतिलिपि अधिकार बौद्धिक सम्पत्तिको एक अङ्ग हो। मानवहितका लागि मौलिक तथा बौद्धिक रूपले सिर्जना गरिएका रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रसारणमा स्रष्टालाई कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ। कला, साहित्य र विज्ञानको क्षेत्रमा भएको अभुतपूर्व विकासको महत्वलाई अझ उजागर गर्न सहयोगी हुने प्रतिलिपि अधिकारको महत्वलाई बुझी त्यसको संरक्षण, प्रवर्द्धन तथा विकास गर्नु राज्यको दायित्व पनि हो। यसै विषयलाई हृदयङ्गम गरी नेपालमा वि.स. २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई समयानुकूल परिमार्जन गरी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ र २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली, २०६१ जारी भई हाल कार्यान्वयनमा रहेका छन् भने नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र समेत भइसकेको छ।

प्रतिलिपि अधिकार संरक्षणको व्यवस्थाले स्रष्टाहरूको सिर्जनशीलता र मानवीय क्षमतालाई प्रोत्साहन र प्रेरणा प्राप्त हुनुका साथै समाजको आर्थिक र सामाजिक विकासमा मद्दत पुग्दछ। जसले गर्दा देशमा सिर्जनात्मक उद्योगहरूको विकास हुने र यसबाट देशको कूल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन सक्दछ। यस प्रकाशनको अध्ययनबाट प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा, कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०८०।८१ सम्म यस कार्यालयबाट सम्पन्न भएका संरक्षण र प्रवर्द्धनका कार्यहरू, प्रतिलिपि अधिकार सम्बन्धी राष्ट्रिय दिवसहरू, कानून कार्यान्वयन गर्नका लागि जारी भएका निर्देशिका तथा तथ्यमूलक सन्देश सामाग्रीको बारेमा जानकारी प्राप्त हुनेछ।

यस आ.व. मा स्रष्टा कलाकारहरूको लागि कृति र सिर्जनाको सार्वजनिक प्रयोग बापतको रोयल्टी सङ्कलन गर्ने कानूनी व्यवस्थालाई कार्यरूप दिन सरोकारवालासँग छलफल गरियो। रोयल्टी सम्बन्धी मापदण्ड निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित रोयल्टी सम्बन्धी उच्चस्तरीय निर्देशन तथा अनुगमन समितिको बैठक र अन्तरक्रिया समेत सम्पन्न भएका छन्। प्रतिलिपि अधिकार ऐन, २०५९ संशोधनको लागि तयार भएको ऐनको मस्यौदा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश भएको छ। दृष्टिविहीन, दृष्टिक्षमता न्यून भएका र छापा-सामग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अधिकारमा विशेष व्यवस्था गर्न जारी भएको अन्तर्राष्ट्रिय माराकेश सन्धि २०१३ को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको छ। प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरि भएगरेका कार्यहरूको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवाला एवं आम जनसमुदायमा जानकारी दिने उद्देश्यले यो बुलेटिन तयार गरिएको छ। बुलेटिन तयारीका क्रममा खटिने कार्यालयका कर्मचारी लगायत सामग्री संयोजन गरी सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद व्यक्त गरिन्छ। यसमा भएका कमी कमजोरी एवं छुटेका विषय औंल्याई दिनुभएमा आगामी प्रकाशनमा सुधार गरिने छ। प्रतिलिपि अधिकार सम्बन्धमा आम सरोकारवालाको चासोलाई सम्बोधन गर्न यो प्रकाशन सफल हुने विश्वास लिइएको छ।







सामूहिक व्यवस्थापन सङ्गठन (CMOs) को अनुगमन/निरीक्षण

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले आ.व. २०८०।८१ मा सम्पन्न गरेका मुख्य मुख्य कार्यक्रमहरू

| क्र.सं. | खर्च शीर्षक नं. | कार्यक्रम | कार्यक्रम संख्या | पेज नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२५१२ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत प्रहरी निरीक्षक, सरकारी वकिल, भन्सार अधिकृत, श्रेस्तेदार र तहसिलदारलाई प्रदेशस्तरमा अन्तरक्रिया/सचेतनामूलक कार्यक्रम (नवलपरासीको कावासोती, सुनसरीको इनरुवा, महोत्तरीको जलेश्वर, रामेछापको मन्थली, कञ्चनपूरको महेन्द्रनगर, मुगुको गमगढी र बर्दियाको गुलरिया) | ७ वटा | ४-१० | |
| २ | २२५१२ | रोयल्टी सङ्कलनसंग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा संघ संस्थासंग अन्तक्रिया गोष्ठी | १ वटा | १०-११ | |
| ३ | २२५२२ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस | १ वटा | ११ | |
| ४ | २२५२२ | प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस | १ वटा | १२ | |
| ५ | २२५१२ | प्रतिलिपि अधिकार ऐन, रोयल्टी र लेखकका अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम | १ वटा | १३ | |
| ६ | २२५२२ | विश्व बौद्धिक सम्पत्ति दिवस कार्यक्रम | १ वटा | १३ | |
| ७ | २२५२२ | विश्व सङ्गीत दिवस कार्यक्रम | १ वटा | १४ | |
| ८ | | माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तथा सचिवज्यूसँगको ब्रिफिङ | १ वटा | १४ | |
| ९ | २२५२२ | बेइजिङ ट्रिटि, रोम कन्भेन्सन, डब्लु.पी.पी.टी. र डब्लु.सी.टी. सम्बन्धी बन्तरक्रिया कार्यक्रम | १ वटा | १५ | |
| १० | २११३४ | रचना दर्ता विज्ञ समितिको बैठक | १३ वटा | १६ | |
| ११ | २११३४ | रोयल्टी सम्बन्धी उच्चस्तरीय निर्देशक तथा अनुगमन समितिको बैठक | २ वटा | १६ | |
| १२ | | सामूहिक व्यवस्थापन सङ्गठन (CMOs) चिनारी | | १६ | |
| १३ | | रचना दर्ताको विवरण | २७८० वटा | १७ | |
| १४ | | उजुरीको विवरण | १४ वटा | १८-१९ | |
| १५ | | विविध | | २० | |

# प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी विषयमा सात प्रदेशका विभिन्न जिल्लामा भएका कार्यक्रमहरू

प्रतिलिपि अधिकार संरक्षण र प्रवर्द्धन गर्ने एक मात्र सरकारी निकायको रुपमा नेपालमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय रहेको छ। प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१, वर्न महासन्धी, विश्व बौद्धिक सम्पत्ति संगठनले प्रतिलिपि कानूनको सम्बन्धमा गरेका व्यवस्थाहरूको सम्बन्धमा सरोकारवाला सरकारी तथा गैरसरकारी निकायलाई जानकारी गराउने, स्रष्टा-सर्जकहरूलाई आ-आफ्नो हक अधिकारको बारेमा सचेतना गराउने उद्देश्य अनुरुप कार्यालयको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम शीर्षक अन्तर्गत "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम वार्षिक रुपमा सात प्रदेशका विभिन्न जिल्लाहरूमा गर्दै आइरहेको छ। यसै सन्दर्भमा आ.व.२०८०/०८१ मा देहाय बमोजिमका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

## क. कावासोती, नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश



गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाको कावासोतीमा मिति २०८० मंसिर २१ गते बिहीबारका दिन एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथिको आतिथ्य नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री बाबुराम सुवेदीले गर्नुभएको थियो भने विशिष्ट अतिथिको आतिथ्य नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कल्पना श्रेष्ठले गर्नुभएको थियो ।

करिव ७४ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले प्रस्तुत गर्नुभएको थियो भने दोस्रो कार्यपत्र विशिष्ट अतिथि तथा नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कल्पना श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत कार्यपत्रहरू माथि नवलपरासी (वर्दघाट सुस्ता पूर्व) का जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री हरि प्रसाद घिमिरेले टिप्पणी गर्नुभएको थियो। सहभागीको तर्फबाट श्री बालनरसिंह गुरूङ्गले पहिलो पटक यस प्रकारको कार्यक्रममा सहभागी हुन पाउँदा आफू साह्रै हर्षित भएको भन्दै आफ्नो मन्तव्य राख्नुभएको थियो ।

जिल्लाका विभिन्न सरकारी कार्यालयहरूः जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय लगायतका प्रतिनिधि तथा कला, साहित्य, गीत, सङ्गीत क्षेत्रका स्रष्टा, सर्जक एवं क्याम्पसका प्रतिनिधि, सञ्चारकर्मीहरूको संलग्नतामा संचालित उक्त कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धी सरकारी संयन्त्र प्रदेश र स्थानीय तहसम्म नै विस्तार गर्नुपर्ने विषय सहभागीले राख्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरूको सम्बोधन गर्दै रजिष्ट्रार श्री पुण्य माया गुरागाईले प्राप्त सुझावहरू आगामी कार्यक्रम संचालन र कार्यालयको नीति, योजना, कानून तर्जुमामा मार्गदर्शन बन्ने छन् भन्दै उपस्थिति एवं सक्रिय सहभागिताको लागि सबैलाई धन्यवाद दिदैं कार्यक्रम समापन गर्नुभएको थियो ।






## ख. सुनसरीको इनरुवा, कोशी प्रदेश

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित प्रतिलिपि अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू सुनसरी जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्तको कार्यालय, सुनसरी जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू लगायत स्रष्टा, सर्जक, कलाकार, पत्रकारको उपस्थितिमा मिति २०८० साल माघ ५ गते शुक्रबार प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो भने प्रमुख अतिथिको आतिथ्य सुनसरी जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश हरि प्रसाद कोइरालाज्यूले गर्नुभएको थियो । विशिष्ट अतिथिको आतिथ्य सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जय नारायण आचार्यज्यूले गर्नुभएको थियो। कार्यक्रमको उद्घाटन माननीय जिल्ला न्यायाधीश हरि प्रसाद कोइरालाज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका नायब सुब्बा श्री लिला देवी रेग्मीले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा कम्प्युटर अधिकृत श्री उत्तम प्रसाद दवाडीले प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत एवं धन्यवाद ज्ञापन गर्दै प्रतिलिपि अधिकार कानून कार्यान्वयन सम्बद्ध सरकारी निकाय तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने, स्रष्टा-सर्जकको हक- अधिकार बारे सचेतना गराउने कार्यक्रमको मुख्य उद्देश्य रहेको कुरा व्यक्त गर्नुभएको थियो ।कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएकोमा पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले र दोस्रो कार्यपत्र सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जय नारायण आचार्यले प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुत कार्यपत्रहरू माथि सुनसरी जिल्ला अदालतका स्रेस्तेदार श्री नारद प्रसाद भट्टराई र जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री चन्द्र शेखर साहले टिप्पणी गर्नु भएको थियो । जिल्लामा पहिलो पटक आयोजना भएको प्रतिलिपि अधिकार सम्बन्धी कार्यक्रममा सहभागी हुन पाउँदा गौरवान्वित भएको बताउनु हुदैं हालसम्म सङ्कलित रोयल्टी र वितरण मापदण्डहरू समेत कार्यपत्रमा समावेश भएको भए अझ कार्यपत्रले पूर्णता पाउने कुरा राख्नुभएको थियो ।

कार्यक्रमको विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री जय नारायण आचार्यद्वारा कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै महत्वपूर्ण, ज्ञानवर्द्धक रहेको र नयाँ विषयवस्तु सहीतको कार्यक्रम जिल्लामा प्रथम पटक प्रवेश गरेको बताउनु भयो। प्रतिलिपि अधिकार कानुनको विषयमा सर्जकहरूलाई जानकारी दिनका लागि स्थानीय सरकारसँग बढी समन्वय गरी कार्य गर्दा थप लाभ प्राप्त हुने कुरा बताउनु हुदै प्रतिलिपि अधिकार सम्बन्धी कानुनको विषय धैरै महत्वपूर्ण रहेको र यसको बारेमा जनसाधारण अनविज्ञ भएको हुँदा उनीहरूलाई सचेत गराउन जरुरी रहेको, प्रतिलिपि कानुन कार्यान्वयन गर्ने सवालमा जिल्ला भित्रका स्रष्टा सर्जकहरूको हक-अधिकारको रक्षा गर्न प्रतिबद्ध रहेको भनाई राख्नुभयो ।

त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि माननीय जिल्ला न्यायाधीश हरि प्रसाद कोइरालाज्यूले कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै समय सान्दर्भिक र महत्वपूर्ण रहेको र प्रतिलिपि अधिकार संरक्षण सम्बन्धमा कानुन भएर पनि धैरैलाई थाहा नभएको कुरा उल्लेख गर्नुभयो । कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौको रजिष्ट्रार श्री पुण्य माया गुरागाईले धन्यवाद ज्ञापन गर्नुहुदैं कार्यव्यस्तताको बाबजुद पनि कार्यक्रममा उपस्थित भएर कार्यक्रम अवधिभर बस्नु भएकोमा सहभागी सबैमा हार्दिक आभार व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।



## ग. महोत्तरीको सदरमुकाम जलेश्वर, मधेश प्रदेश

मधेस प्रदेशको महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा मिति २०८० साल फाल्गुण ९ गते बुधबारका दिन प्रतिलिपि अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू महोत्तरी जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्तको कार्यालय, महोत्तरी जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारी लगायत स्रष्टा, सर्जक, कलाकार, पत्रकारहरूको उपस्थितिमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो भने प्रमुख अतिथिको आतिथ्य महोत्तरी जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश मदन बहादुर धामीज्यूले गर्नुभएको थियो । विशिष्ट अतिथिको आतिथ्य महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवराम गेलालज्यूले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन माननीय जिल्ला न्यायाधीश मदन बहादुर धामीज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री प्रमिला तामाङले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा शाखा अधिकृत श्री सुरेशचन्द्र अधिकारीले प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, लगायत गोष्ठीमा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत तथा उपस्थित भएकोमा धन्यवाद ज्ञापन गर्दै प्रतिलिपि अधिकार कानून कार्यान्वयनमा सम्बद्ध सरकारी निकाय तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने, स्रष्टा-सर्जकको हक-अधिकार बारे सचेतना गराउने कार्यक्रमको मुख्य उद्देश्य रहेको कुरा जानकारी गराउनु भएको थियो । कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएकोमा पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले र दोस्रो कार्यपत्र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवराम गेलालज्यूले प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुत कार्यपत्र माथि लेखक तथा स्रष्टा, प्राध्यापक श्री ध्रुव रायले टिप्पणी गर्नु भएको थियो भने कार्यक्रममा सहभागीका तर्फबाट पत्रकार तथा प्राध्यापक श्री मनोज झा (मुक्ति)ले जिल्लामा पहिलो पटक आयोजना भएको प्रतिलिपि अधिकार सम्बन्धी कार्यक्रममा सहभागी हुन पाउँदा गौरवान्वित भएको बताउनु भएको थियो । त्यसैगरी प्रमुख जिल्ला अधिकारी श्री शिवराम गेलालद्वारा कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै महत्वपूर्ण, ज्ञानवर्धक रहेको र नयाँ विषयवस्तु सहीतको कार्यक्रम जिल्लामा प्रथम पटक प्रवेश गरेको बताउनुभयो । प्रतिलिपि अधिकार कानूनको विषयमा सर्जकहरूलाई जानकारी दिनका लागि स्थानीय तहसँग बढी समन्वय गरी कार्य गर्दा थप लाभ प्राप्त हुने कुरा बताउनु हुँदै प्रतिलिपि अधिकार सम्बन्धी कानूनको विषय धेरै महत्वपूर्ण रहेको र यसको बारेमा जनसाधारण अनविज्ञ भएको हुँदा उनीहरूलाई सचेत गराउन जरुरी रहेको, प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने सवालमा जिल्ला भित्रका स्रष्टा सर्जकहरूको हक-अधिकारको रक्षा गर्न प्रतिबद्ध रहेको भनाई राख्नुभयो ।

त्यसैगरी प्रमुख अतिथि माननीय जिल्ला न्यायाधीश मदनबहादुर धामीले कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै समय सान्दर्भिक र महत्वपूर्ण रहेको प्रतिलिपि अधिकार संरक्षण सम्बन्धमा कानून भएर पनि धेरैलाई थाहा नभएको प्रतिलिपि अधिकार कानुन कार्यान्वयन र स्रष्टा, सर्जकहरूको हक-अधिकारला संरक्षण गर्ने उद्देश्यका साथ विश्व बौद्धिक सम्पत्ति संगठनको गठन भई नेपाल समेत उक्त सङ्गठनको सदस्य राष्ट्र भइसकेको अवस्थामा स्रष्टा, सर्जकक अधिकारलाई नेपालको प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिका नियमावली, २०६१ ले संरक्षण गर्ने व्यवस्था रहेको, प्रतिलिपि अधिकार सम्बन्ध कानुनको उल्लंघन भएमा दण्ड सजायको रुपमा कैद, जरिवाना वा दुवै हु कानूनी व्यवस्था रहेको, बौद्धिक सम्पत्ती चोरी सम्बन्धी विषय निकै महत्वपू रहेको, आइडिया सिर्जना जस्ता सम्पत्तीको चोरीको मुद्दा कहाँ लैजाने सो सम्बन्ध जानकारी स्रष्टालाई नभएको र यस प्रकारको कार्यक्रमबाट प्रतिलिपि अधिकारक सम्बन्धमा जानकारी प्राप्त हुने भएकोले आगामी कार्यक्रममा मुद्दा तथा नजि सम्बन्धी जानकारी समेत थप गरी कार्यपत्र प्रस्तुत गर्दा थप जानकारी प्राप्त हुने भनी आफ्नो महत्वपूर्ण धारणा राख्नुभयो ।



कार्यक्रमको अध्यक्षता गर्नुभएका नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय, काठमाडौका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले धन्यवाद ज्ञाप गर्नुहुँदै कार्यव्यस्तताको बाबजुद पनि कार्यक्रममा उपस्थित भएर कार्यक्र अवधिभर बसी आफ्नो जिज्ञासा राख्दै महत्वपूर्ण राय, सुझाव दिनु भएकोम सबैलाई आभार व्यक्त गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

## घ. रामेछापको सदरमुकाम मन्थली, बागमती प्रदेश

बागमती प्रदेशको रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा मिति २०८० फाल्गुण १० गते बिहिबारका दिन एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथिको आतिथ्य रामेछाप जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश इन्दिरा शर्माज्यूले गर्नुभएको थियो । विशिष्ट अतिथिको आतिथ्य रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाज्यूले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन माननीय जिल्ला न्यायाधीश इन्दिरा शर्माज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री प्रमिला तामाङले गर्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएकोमा पहिलो कार्यपत्र नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो भने दोस्रो कार्यपत्र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी नायव उपरीक्षक श्री होम बहादुर पराजुलीले प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रहरू माथि जिल्ला अदालत रामेछापका स्रेस्तेदार श्री मधुसुदन आचार्यले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा आफ्ना भनाईहरू प्रस्तुत गर्नु हुदैं प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाज्यूले प्रतिलिपि अधिकारको विषय एकदमै महत्वपूर्ण रहेको र यो चेतनाको स्तरसँग जोडिएको एवं ज्ञानमा आधारित अर्थतन्त्रको विषय रहेको तथा अरुको रचनाको सम्मान, सृजनशीलताको विकास र व्यवस्थापनलाई प्रोत्साहन गर्ने विषय रहेको बताउनुभयो ।

कार्यक्रममा आफ्ना भनाईहरू राख्दै प्रमुख अतिथि माननीय जिल्ला न्यायाधीश इन्दिरा शर्माज्यूले विषय एकदमै महत्वपूर्ण, आवश्यक र नयाँ विषय रहेको हुनाले सरोकारवाला सबै पक्षहरूलाई प्रतिलिपि अधिकार सम्बन्धी कानून धेरै महत्वपूर्ण कानून भएर पनि धेरैलाई थाहा नभएको र हामी कानून कार्यान्वयनमा रहेका व्यक्तिहरूलाई समेत यो नयाँ विषय रहेको साथै प्रतिलिपि अधिकार सम्बन्धि मुद्दाहरू हालसम्म जिल्लामा दर्ता नभएकोले अनुभव विहिन भएको कुरा बताउनुभयो । कानूनको अनभिज्ञता क्षम्य नहुने, गल्ती गर्ने पक्षले यसको कारवाही भोग्नुपर्ने, प्रतिलिपि अधिकार सम्बन्धी कानूनको उल्लङ्घन भएमा दण्ड सजायको रूपमा कैद, जरिवाना वा दुवै हुन सक्ने कानुनी व्यवस्था रहेको भनी आफ्नो महत्वपूर्ण धारणा राख्नुभयो । साथै कार्यक्रममा सहभागीले प्रतिलिपि अधिकारको विषय बौद्धिक र धेरै महत्वपूर्ण भएकोले यस्ता कार्यक्रमहरू विद्यार्थी वर्गसम्म पुग्ने गरि पालिकास्तर सम्मै संचालन गर्नुपर्ने र नेपालमा YouTube व्यवस्थापनको लागि संस्थागत र कानूनी व्यवस्था प्रभावकारी हुनुपर्ने जस्ता धारणाहरू राख्नुभएको थियो ।

कार्यक्रमको व्यवस्थापन र सञ्चालनमा सहयोग पुऱ्याउनुहुने सबैमा कार्यक्रमको अध्यक्षता गर्नु भएका नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौंका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।





## ङ. कञ्चनपुरको सदरमुकाम महेन्द्रनगर, सुदूरपश्चिम प्रदेश

प्रतिलिपि अधिकार सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू: कञ्चनपुर जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, कञ्चनपुर जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू, प्रतिलिपि अधिकारसँग सम्बन्धित विभिन्न साहित्य, सङ्गीत सम्बन्धी संस्थाका प्रमुख तथा प्रतिनिधीहरू, यातायात व्यवसायीहरू, पत्रकार, सञ्चारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार सम्बन्धि कानूनी प्रावधान र सुधारका क्षेत्रहरूका बारेमा जानकारी गराउने र अनुभव आदान-प्रदान गर्ने उद्देश्यले एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१ साल वैशाख २७ गते बिहिबारका दिन सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरमा जिल्ला समन्वय समितिको सभाहलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यलयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्य कञ्चनपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश लिलाराज अधिकारीज्यूले गर्नुभएको थियो भने विशिष्ट अतिथिको आतिथ्य कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रमको उद्‌घाटन सहभागीहरूलाई नेपालको राष्ट्रिय गान गाउन लगाएर फरक शैलीबाट गरिएको थियो ।




उक्त कार्यक्रममा जिल्ला सरकारी वकिलका प्रतिनिधिहरू र जिल्ला समन्वय समितिका प्रतिनिधिहरू, गीत-सङ्गीत क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, गीतकार, सङ्गीतकार तथा बौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न व्यक्तित्वहरू लगायत पत्रकार/संचारकर्मी र यस क्षेत्र सम्बद्ध करिव ७५ जना भन्दा बढि व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन कानून अधिकृत प्रमिला तामाङ्गले गर्नुभएको थियो ।

कार्यक्रममा पहिलो कार्यपत्र प्रस्तुति नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौंका रजिष्ट्रार श्री पुण्य माया गुरागाई र दोस्रो कार्यपत्र प्रस्तुति प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीज्यूबाट भएको थियो ।

कार्यपत्रको विषयमा कञ्चनपुर जिल्ला अदालतका तहसिलदार नुमा नन्द अधिकारी र शारदा संस्कृत मा.वि.का सह-प्राध्यापक श्री हरि प्रसाद खतिवडाले कार्यपत्रले प्रतिलिपि अधिकारका धेरै विषयलाई सम्बोधन गरेको देखियो तर कार्यालयमा रचना चोरी सम्बन्धमा परेका उजुरीको विषय र संख्या समावेश भएको भए अझ सूचना सम्प्रेषण प्रभावकारी हुने टिप्पणी राख्नुभएको थियो । प्रमुख अतिथि माननीय जिल्ला न्यायाधिश श्री लिलाराज अधिकारीज्यूले कार्यक्रममा निकै सान्दर्भिक र महत्वपूर्ण मन्तव्य राख्नुभएको थियो । त्यस्तै गरी सहभागीको तर्फबाट अछामे बङ्गोले दुरदराजमा यस्ता कार्यक्रमहरू संचालन गर्नुपर्ने, प्रतिलिपि अधिकार सम्बन्धी कार्य गर्ने सरकारी कार्यालयहरू प्रदेश र स्थानीय स्तरमा पनि खोल्नुपर्ने, कर्णाली प्रदेशमा प्रचलित देउडा गीत र स्रष्टाहरूको प्रतिलिपि अधिकार सुरक्षित गर्न विशेष प्याकेजको कार्यक्रमहरू ल्याउनु पर्ने कुरा राख्नुभएको थियो ।

कार्यक्रमको अध्यक्ष तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले कार्यक्रममा उठेका जिज्ञासाहरूको सम्बोधन गर्दै सक्रिय सहभागीताको लागि सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## च. मुगुको सदरमुकाम गमगढी, कर्णाली प्रदेश

प्रतिलिपि अधिकार सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू मुगु जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, मुगु जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारी, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधि, यातायात व्यवसायी, पत्रकार/ सञ्चारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान र सुधारका क्षेत्रहरू आदिका बारेमा जानकारी गराउने र अनुभव आदान-प्रदान गर्ने उद्देश्यले संचालित एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१ साल जेठ २८ गते सोमबारका दिन कर्णाली प्रदेशको मुगु जिल्लाको सदरमुकाम गमगढीमा रहेको होटेल अनुसाटपको सभाहलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका विभिन्न क्षेत्रका अतिथिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

उक्त कार्यक्रम प्रतिलिपि अधिकार सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमि, विद्यमान कानूनी अवस्था, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, गठन र यसका कार्यहरू एवं प्रतिलिपि अधिकार हनन् सम्बन्धमा पर्ने उजुरीमा अनुसन्धान, अभियोजनमा आइपर्ने समस्या समेतका विषयमा सम्बद्ध पक्षहरूवीच कानूनी प्रावधान, जनचेतनाको स्तर र अनुसन्धान र यसको सुधारका क्षेत्रहरू विषयमा जानकारी गराउने तथा प्रतिलिपि अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका व्यवस्थाहरूको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यबाट आयोजना गरिएको थियो । विशेष गरी स्रष्टा सर्जकहरूमा नै प्रतिलिपि अधिकार सम्बन्धी चेतना र चासो कम रहेकाले स्रष्टा सर्जकहरूलाई प्रतिलिपि अधिकार संरक्षण गर्ने सरकारी निकायको रूपमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय रहेको र स्रष्टा सर्जकलाई सिर्जनशील र सक्रिय बनाउन प्रेरित गर्ने उद्देश्यले सो कार्यक्रम गरिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्य मुगु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री टोपेन्द्र बहादुर के.सी.ज्यूले गर्नुभएको थियो भने उक्त कार्यक्रमको उद्‌घाटन कार्यक्रमको व्यानरका शब्दावलीहरू वाचन गरेर फरक शैलीबाट गरिएको थियो साथै परिचयात्मक कार्यक्रमसँगै कार्यक्रमलाई अगाडि बढाइएको थियो । जिल्ला सरकारी वकिलका प्रतिनिधिहरू र जिल्ला समन्वय समितिका प्रतिनिधिहरूको साथै गीत-सङ्गीत क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख एवं प्रतिनिधिहरू, गीतकार, सङ्गीतकार तथा बौद्धिक सम्पत्ति सम्बन्धि अभियानमा संलग्न व्यक्तित्वहरू लगायत पत्रकार, सञ्चारकर्मी र यस क्षेत्र सम्बद्ध करिव ६६ जना भन्दा बढी व्यक्तित्वहरूको कार्यक्रममा सहभागिता रहेको थियो ।



कार्यक्रममा दुई वटा कार्यपत्र प्रस्तुत भएकोमा पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईबाट र दोश्रो कार्यपत्र प्रस्तुति प्रमुख जिल्ला अधिकारी श्री टोपेन्द्र बहादुर के.सी.ज्यूले गर्नुभएको थियो ।




कार्यपत्रको विषयमा मुगु जिल्लाको एकमात्र सरकारी क्याम्पस श्री रारा बहुमुखी क्याम्पसका नेपाली विषयका प्रध्यापक श्री सरस्वती भण्डारीले कार्यक्रम ज्ञानबर्द्धक रहेको र यसलाई स्थानीय तहसम्म विस्तार गरि लैजानुपर्ने भन्दै विश्लेषणात्मक टिप्पणी गर्नुभएको थियो । यसै गरी उक्त कार्यक्रममा उपस्थित स्थानीय सर्जक तथा पत्रकारहरूले पनि प्रतिलिपि अधिकारका क्षेत्रमा रचनाको चोरी गर्ने, नक्कल गर्ने प्रवृति बढेको र यसलाई व्यवस्थापन गर्न नेपाल सरकारले यथाशीघ्र कदम चाल्नुपर्ने जस्ता विषयमा विभिन्न जिज्ञासा राख्नुभएको थियो भने उक्त जिज्ञासाको बारेमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रारले सम्बोधन गर्नुहुँदै सहभागीहरूलाई धन्यवाद ज्ञापन सहीत कार्यक्रमको समापन गर्नुभएको थियो ।

## छ. बर्दियाको सदरमुकाम गुलरिया, लुम्बिनी प्रदेश

प्रतिलिपि अधिकार सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू बर्दिया जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, बर्दिया जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारी, प्रतिलिपि अधिकारसंग सम्बन्धित साहित्य, सङ्गीत सम्बन्धी संस्थाका प्रमुख तथा प्रतिनिधि, यातायात व्यवसायी, पत्रकार/संचारकर्मी सहितका व्यक्तित्वहरूलाई प्रतिलिपि अधिकार सम्बन्धमा कानूनी प्रावधान र सुधारका क्षेत्रहरू बारेमा जानकारी गराउने र अनुभव आदान-प्रदान गर्ने उद्देश्यले एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१ साल जेठ ३२ गते शुक्रबारका दिन लुम्बिनी प्रदेशको बर्दिया जिल्ला सदरमुकाम गुलरियामा रहेको होटेल विजयको सभाहलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका विभिन्न क्षेत्रका अतिथिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको विशिष्ट आतिथ्य बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवि शर्माज्यूले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्य बर्दिया जिल्ला अदालतका माननीय जिल्ला न्यायाधिश श्री कमल प्रसाद ज्ञवालीज्यूले गर्नु भएको थियो ।

उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथिज्यूबाट कार्यक्रमको व्यानरका शब्दावलीहरू वाचन गरेर फरक शैलीबाट गरिएको थियो साथै परिचयात्मक कार्यक्रमसँगै कार्यक्रमलाई अगाडि बढाइएको थियो ।




जिल्ला सरकारी वकील कार्यालयका प्रतिनिधि, जिल्ला समन्वय समितिका प्रतिनिधि र जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिको पनि उत्साहजनक उपस्थिति रहेको थियो । साथै गीत, सङ्गीत क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख एवं प्रतिनिधि, गीतकार, सङ्गीतकार तथा बौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न व्यक्तित्वहरू लगायत पत्रकार/संचारकर्मी र यस क्षेत्र सम्बद्ध करिव ८० जना भन्दा बढि व्यक्तित्वहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन नायव सुब्बा श्री शालिकराम खतिवडाले गर्नुभएको थियो । यसै गरी कार्यक्रम आयोजकको तर्फबाट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत श्री सुरेशचन्द्र अधिकारीज्यूले सहभागीलाई आफ्नो मन्तव्यबाट स्वागत गर्नुभएको थियो ।



कार्यक्रममा दुई वटा कार्यपत्र प्रस्तुत भएकोमा पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार पुण्य माया गुरागाईबाट र दोश्रो कार्यपत्र प्रहरी उपरिक्षक श्री प्रविण धितालज्यूबाट प्रस्तुत भएको थियो ।

कार्यक्रमको सम्बोधन गर्नुहुँदै विशिष्ट अतिथि, प्रमुख जिल्ला अधिकारी श्री रूद्रादेवी शर्माज्यूले कार्यपत्रमा उजुरीको विवरण पनि राखिनुपर्ने, प्रदेश देखि स्थानीय तहसम्म कार्यक्रम विस्तार गर्न सके अझै प्रभावकारी र फलदायी हुने धारणा व्यक्त गर्नुभयो । प्रमुख अतिथि, माननीय जिल्ला न्यायाधीश श्री

कमल प्रसाद ज्ञवालीज्यूले बर्दिया जिल्लामा कार्यक्रम आयोजना गरेकोमा आयोजक कार्यालयलाई धन्यवाद दिनु हुँदै बौद्धिक चोरीको दृष्टान्त सहित बौद्धिक सम्पत्तिको महत्व माथि प्रकाश पार्नुभयो ।



कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू माथि टिप्पणी गर्दै जिल्ला सरकारी वकिल कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले कार्यपत्र मार्फत आफु र उपस्थित सम्पूर्ण क्षेत्रका प्रतिनिधिहरू लाभान्वित भएको भन्दै प्रतिलिपि अधिकार उल्लङ्घनको निवेदनहरू केन्द्रमा मात्र सीमित भएकाले जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला अदालतमा यस किसिमको मुद्दा हेर्ने अवसर नपाएको तथा प्रतिलिपि अधिकारको विषय व्यापक र बृहत भएकाले सबै क्षेत्र, निकाय र सरोकारवालाहरूलाई सुसूचित गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो । त्यस्तैगरी सहभागीको तर्फबाट शिक्षक प्रभात सुवेदीले कार्यक्रम आयोजनाको लागि धन्यवाद दिनुहुदैं सिर्जना व्यक्तिगत स्वार्थ भन्दा देशको नाम र कर्मको लागि हुने तर नैतिक र आर्थिक अधिकार हनन् सम्बन्धमा स्रष्टा र राज्य दूवै चनाखो भई लाग्नुपर्ने र संरक्षणमा ऐक्यबद्धता जनाउनुपर्ने धारणा राख्नुभयो । उक्त अवसरमा कार्यक्रमको अध्यक्षता गर्नुभएका नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले कार्यक्रममा उठेका जिज्ञासाहरूको सम्बोधन गर्नु हुँदै सक्रिय सहभागीताको लागि सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## रोयल्टी सङ्कलनसँग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा संघ-संस्थासंग अन्तरक्रिया कार्यक्रमः

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा रोयल्टी सङ्कलनसंग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा संघ संस्थासँग मिति २०८० साल चैत्र ७ गते बुधबारका दिन नीति अनुसन्धान प्रतिष्ठानको सभाहलमा संचालन गरेको एक दिवसीय अन्तरक्रिया कार्यक्रममा प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१, वर्न महासन्धि, विश्व बौद्धिक सम्पत्ति सङ्गठनले प्रतिलिपि कानूनको सम्बन्धमा गरेका व्यवस्थाहरु जानकारी गराउने साथै विद्यमान प्रतिलिपि अधिकार ऐनमा रोयल्टीको निर्धारण, सङ्कलन तथा वितरणका लागि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएका सामूहिक व्यवस्थापन संगठनहरूलाई तोकिएकोले सो सम्बन्धमा ती सङ्गठनबाट सम्बन्धित सरकारी कार्यालयका कर्मचारीहरू, स्रष्टा, कानून कार्यान्वयन गर्ने निकायहरूलाई जानकारी प्रवाह गराउने उद्देश्य रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथिको आतिथ्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरस श्रेष्ठज्यूले गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि डा. सुरेश सुरस श्रेष्ठज्यूले व्यानरका शब्दावलीहरू वाचन गरेर गर्नुभएको थियो ।

कार्यक्रमको संचालन प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री प्रमिला तामाङले गर्नुभएको थियो । उक्त कार्यक्रममा कार्यालयका तर्फबाट स्वागत मन्तव्य राख्नु हुदैं शाखा अधिकृत श्री सुरेशचन्द्र अधिकारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।



उक्त अन्तरक्रिया कार्यक्रममा तीनवटा कार्यपत्र प्रस्तुत गरिएकोमा पहिलो कार्यपत्र प्रस्तुति नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो भने कार्यक्रमको दोस्रो कार्यपत्र प्रस्तुति सङ्गीत रोयल्टी सङ्कलन समाजका अध्यक्ष श्री सुरेश अधिकारीको अनुमतिमा सोही संस्थाका महासचिव श्री बद्री प्रसाद पाण्डेले गर्नुभएको थियो । त्यस्तै कार्यक्रमको तेस्रो कार्यपत्र प्रस्तुति संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव (कानून) श्री नवराज आचार्यले गर्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू माथि टिप्पणी गर्नु हुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव श्री शिवराज रेग्मीले सुन्दर ढङ्गले पेश भएको कार्यपत्रहरु उत्कृष्ट रहेको, कानूनी प्रावधानका विषय, समस्या र चुनौती, भावी कार्यदिशा समेत उल्लेख भइ आएको विषय राख्नुभयो साथै नयाँ ऐन निर्माणको प्रक्रियामा रहेकोले हाल रहेको समस्या समाधान हुने विश्वास व्यक्त गर्नु भएको थियो । हाल मन्त्रालयबाट ऐन निर्माणको क्रममा तयार गर्नुपर्ने बाह्र बुँदे अवधारणापत्र तयार गरी रायको लागि अर्थ मन्त्रालय पठाइसकेको जानकारी दिनुभयो ।

त्यस्तैगरी प्रस्तुत कार्यपत्रहरू माथि टिप्पणी गर्नु हुदैं नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा. कृष्णराज अधिकारीले यो कार्यक्रम निकै महत्वपूर्ण रहेको, बौद्धिक चोरीको विषय



अहिले मुख्य समस्या रहेकोले यसलाई कसरी समाधान गर्ने भन्ने कुरा चुनौतीपूर्ण हुन आएको साथै बौद्धिक चोरीका सम्बन्धमा शक्तिशाली आयोग गठन गरेर चोरी भएका बौद्धिक सम्पत्तिलाई यथोचित क्षतिपूर्तिको व्यवस्था मिलाउन उपयुक्त हुने विचार व्यक्त गर्नुभयो । रोयल्टी सङ्कलन तथा वितरणमा सुधार गर्नुपर्ने धारणा समेत व्यक्त गर्नुभयो ।

कार्यपत्रहरू माथि टिप्पणी गर्ने क्रममा काठमाडौ जिल्ला अदालतका अधिकृत श्रीकृष्ण गौतमले सबै कार्यपत्र उत्कृष्ट रहेकाले टिप्पणीको आवश्यकता नरहेको, प्रतिलिपि अधिकार हननका विषयमा सर्वसाधारण मात्र होइन विद्वतवर्ग, विद्यार्थी, कलाकार, शिक्षक, प्राध्यापकहरू लगायत शिक्षित व्यक्तिहरूलाई समेत जानकारीको अभाव रहेकोले सचेतनामूलकका कार्यक्रमहरू अगाडि बढाउनुपर्ने एवं अदालत तथा सरकारी वकिल कार्यालयबाट गरिने सचेतनायुक्त कार्यक्रममा प्रतिलिपि अधिकारको विषयलाई पनि समावेश गरेर लानुपर्ने सुझाव दिनु भयो ।

मन्तव्यको क्रममा प्रमुख अतिथि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव डा. सुरेश सुरस श्रेष्ठले कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै महत्वपूर्ण, समय सान्दर्भिक रहेको, यो हरेक व्यक्तिसँग जोडिएको र बौद्धिक दिमागको उपजको विषय पनि हो भन्नु हुँदै कानूनी, नीतिगत व्यवस्थापन सुधार गर्नुपर्ने र सबैको हक-अधिकारलाई कसरी बढाउन सकिन्छ सो सम्बन्धी कुराहरूलाई समेत समावेश गरेर उत्कृष्ट ऐन बनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

रोयल्टी सङ्कलनमा संलग्न संस्थाहरू लगायत सरोकारवाला सबै निकायहरू सहभागी भई नीति अनुसन्धान प्रतिष्ठानको सभाहल, नारायणहिटी, काठमाडौंमा मिति २०८० चैत्र ७ गते बुधबार आयोजित कार्यक्रमको व्यवस्थापन र सञ्चालनमा सहयोग पुऱ्याउनुहुने सबैमा कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौंको रजिष्ट्रार श्री पुण्य माया गुरागाईले धन्यवाद ज्ञापन गर्दै कार्यक्रममा उपस्थित भएर कार्यक्रम अवधिभर बसी सक्रिय सहभागीता जनाउनु भएकोमा आभार व्यक्त गर्दै कार्यक्रममा उठान भएका विषयलाई आगामी बन्ने योजना र कार्यक्रममा समावेश गरेर लैजान पहल गर्ने विषय राख्दै कार्यक्रमका सम्बन्धमा सबैले आ-आफ्नो ढङ्गले कार्यक्रमको मूल्याङ्कन गर्नु नै हुनेछ भन्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस, २०८१

स्रष्टा सर्जकको रचना, ध्वनि अङ्कन, प्रस्तुति र प्रसारणको प्रतिलिपि अधिकारको संरक्षण गर्ने उद्देश्यले प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ जारी भई वि.सं. २०६१ साल बैशाख ७ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको विधिवत् रुपमा स्थापना भएको हो । कार्यालयको स्थापना पश्चात नेपालमा प्रतिलिपि अधिकार सम्बन्धी कार्यहरूले कानूनी रुपमा मूर्तरुप पाउन थालेको देखिन्छ । सोही स्थापना दिवसको अवसर पारी हरेक आर्थिक वर्षमा फरक शैलीबाट कार्यक्रम गरिदै आइएकोमा आर्थिक वर्ष २०८०/०८१ मा पनि चित्रकला प्रतियोगिता कार्यक्रम आयोजना गरिएको थियो । प्रतिलिपि अधिकार ऐनमा व्यवस्था भए बमोजिम रचना दर्ताका विभिन्न विधाहरू मध्ये चित्रकला विधा अन्तर्गत न्यून मात्रामा रचना दर्ता हुने देखिएकाले चित्रकलासँग सम्बन्धित स्रष्टा-सर्जकहरूलाई जागरूक र सुसूचित गराउने उद्देश्यले चित्रकला प्रतियोगितालाई प्राथमिकता दिई कार्यक्रम आयोजना गरिएको थियो ।

प्रतिलिपि अधिकार संरक्षण र प्रवर्द्धन गर्ने एक मात्र सरकारी निकायको रूपमा रहेको नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मिति २०८१ साल वैशाख ७ गते शुक्रबारका दिन कार्यालयको आफ्नै पुस्तकालय हलमा कार्यालयको स्थापना दिवसका अवसरमा चित्रकला प्रतियोगिता आयोजना गरी मनाइएको थियो । उक्त कार्यक्रममा नेपाल ललितकला क्याम्पस, कीर्तिपुर क्याम्पसबाट १७ जना प्रतियोगीहरू सहभागी भएका थिए । प्रतियोगितामा ३ घण्टाको निश्चित समयावधि छुट्याई सहभागीहरूलाई जलवायु परिवर्तनको विषयमा चित्र बनाउन दिइएको थियो ।



प्रतियोगिता शुरू हुनु अगाडि सहभागीहरूलाई प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको परिचय र प्रतिलिपि अधिकार सम्बन्धी विविध विषयमा जानकारी गराइएको थियो र प्रतियोगी सहभागीहरूको चित्रकलाको आधिकारिक र वास्तविक मुल्याङ्कन गर्नका लागि नेपाल प्रज्ञा प्रतिष्ठानका चित्रकला विभागका प्राज्ञ परिषद सदस्य सञ्जय वान्तवा राई समेतलाई आमन्त्रित गरी ३ सदस्यीय समिति गठन भई उक्त समितिले प्रतियोगी चित्रकलाहरूको मूल्याङ्कन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना गरी छ वटा चित्रहरू छनौट गरी पुरस्कार वितरणको लागि सिफारिस गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना (२ जना) क्रमशः अशोक बराल, विक्रम नेपाली, विशाल थामी, सोमेल सुवेदी र प्रशंसा शाक्यको चित्रकला भएको थियो । प्रतियोगितामा प्रथम हुने सहभागीलाई प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवसको अवसरमा रु.५,०००।- नगद र प्रमाणपत्र सहित सम्मान गरिएको थियो भने द्वितीय स्थान हासिल गर्ने सहभागीलाई रु. ४,०००।- र प्रमाणपत्र, तृतीय स्थान हासिल गर्ने सहभागीलाई रु. ३,०००।- नगद र प्रमाणपत्र र सान्त्वना पुरस्कार प्राप्त गर्न सफल २ जना सहभागीलाई जनही रु. २,०००।- सहित प्रमाणपत्रले सम्मान गरिएको थियो ।



# प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस, २०८१

कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम २०८१ साल वैशाख ११ गते मंगलबार तदनुसार सन् २०२४ अप्रिल २३ का दिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौंको आयोजनामा प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम नीति अनुसन्धान प्रतिष्ठानको सभाहलमा संचालन गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथिको आतिथ्य संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. दिपक काफ्लेज्यूले गर्नुभएको थियो । कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा प्रमुख सहसचिव डा. सुरेश सुरस श्रेष्ठको समेत उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन प्रमुख अतिथिज्यूबाट कार्यक्रमको व्यानरका शब्दावलीहरू वाचन गरेर गर्नुभएको थियो । कार्यक्रमा उपस्थित महानुभावहरूलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत प्रमिला तामाङले स्वागत गर्नु हुँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रममा ललितकला क्याम्पसका विद्यार्थी, लेखक, बौद्धिक सम्पत्ति विषयका कानूनविद लगायतको सहभागीता रहेको थियो । त्यस्तैगरी बौद्धिक सम्पत्ति संरक्षण समाज नेपालका उपाध्यक्ष श्री विसु कुमार के.सी.ले प्रतिलिपि अधिकार कानून र यसका विविध पक्षहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना दिवसको उपलक्ष्यमा मिति २०८१ साल वैशाख ७ गते आयोजना गरिएको जलवायु परिवर्तन विषयक चित्रकला प्रतियोगितामा सहभागी भई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्ने सहभागीहरूलाई प्रमुख अतिथि श्रीमान् सचिवज्यूबाट पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सम्बोधन गर्नुहुँदै सचिव डा. दिपक काफ्लेज्यूले युनेस्को साधारण सभाले सन् १९९५ मा पारित गरी अप्रिल २३ लाई विश्व पुस्तक दिवसको रूपमा मनाउन सुरू गरेको, नेपालको संविधानले बौद्धिक सम्पत्तिलाई मौलिक हकका रूपमा सम्बोधन गरिसकेको हुनाले उक्त हक र अधिकारलाई सुनिश्चित गर्न नीतिगत, कानूनी र व्यवहारिक विषयलाई अनुसरण गर्दै यो दिवस आयोजना भएको र यसमा सबै क्षेत्रको सहकार्य हुनुपर्ने, प्रचार-प्रसार हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रतिलिपि अधिकार र विश्व पुस्तक दिवसको अवसरमा सबैलाई शुभकामना र कार्यक्रममा उपस्थिति भई सक्रिय सहभागिताको लागि ललितकला क्याम्पसका विद्यार्थी भाइबहिनी र सबै महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमका अध्यक्ष तथा रजिष्ट्रार श्री पुण्य माया गुरागाईले कार्यक्रम समापन गर्नुभएको थियो ।








## प्रतिलिपि अधिकार ऐन, रोयल्टी र लेखक अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रमः




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र नेपाली लेखक संघको संयुक्त आयोजनामा मिति २०८१/०१/१६ मा प्रतिलिपि अधिकार ऐन, रोयल्टी र लेखक अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल, कमलादी, काठमाडौंमा आयोजना गरियो । उक्त कार्यक्रमको अध्यक्षता नेपाली लेखक संघका वरिष्ठ उपाध्यक्ष कवि रत्नमणि नेपालज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि आख्यानकार श्री ध्रुवचन्द्र गौतमज्यू र अतिथिहरू निबन्धकार श्री कुमार कोइराला, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाई, कवि श्रवण मुकारुङ लगायत विशिष्ट सर्जकहरू रहनुभएको थियो । लेखन क्षेत्रका अनुरागी व्यक्तित्वहरूको सहभागिता रहेको उक्त कार्यक्रममा दुईवटा कार्यपत्रहरू पेश गरिएको थियो । जसमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईज्यूले नेपालको प्रतिलिपि अधिकार र रोयल्टी व्यवस्था सम्बन्धमा र नेपाली लेखक संघ काठमाडौं जिल्ला समितिका अध्यक्ष श्री विसु कुमार के.सी.ज्यूले लेखकहरूको अधिकार संरक्षणको लागि प्रतिलिपि अधिकार ऐनमा गर्नुपर्ने सुधारका पक्षका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रका विषयले नेपाली लेखकहरूलाई लेखन कार्यमा अझ प्रोत्साहित र उत्प्रेरित गर्नुका साथै प्रतिलिपि अधिकार ऐनमा भएका व्यवस्था र नयाँ ऐनमा सम्बोधन गर्नुपर्ने विषयहरूमा जानकार हुनपाएकोमा सबै वक्ताहरूले धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## विश्व बौद्धिक सम्पत्ति दिवस, २०८१

IP and the SDGsM Building Our Common Future with Innovation and Creativity भन्ने विश्वव्यापी नाराका साथ विश्व बौद्धिक सम्पत्ति दिवस, २०८१ उद्योग विभाग र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजना तथा बौद्धिक सम्पत्ति संरक्षण समाज नेपालसँगको सहकार्यमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी मिति २०८१/०१/१४ (सन् २०२४ अप्रिल २६) का दिन मनाइयो । नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री कृष्ण बहादुर राउतज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमको विशेष अतिथि पूर्व अर्थमन्त्री श्री शंकर कोइरालाज्यू रहनुभएको थियो । कार्यक्रममा बौद्धिक सम्पत्तिको विद्यमान अवस्था र सवालहरू सम्बन्धमा उद्योग विभागका निर्देशक श्री डिक बहादुर कार्कीज्यूले, प्रतिलिपि अधिकार संरक्षणको वर्तमान कार्यक्रमहरू र भावी कार्ययोजना सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईज्यूले, Copyright Protection of Database in Nepal सम्बन्धमा काठमाडौं विश्वविद्यालयः School of Law का सहायक प्राध्यापक श्री अनिस बास्तोलाले र Possibilities of Innovation and Creativity in IP Regime का सम्बन्धमा बौद्धिक संरक्षण नेपालका श्री लक्ष्मुण रिमाल/लजुला महर्जनले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत भएका कार्यपत्रहरू माथि श्री ऋषि चापागाईज्यूले समीक्षा गर्नुभएको थियो । श्रीमान् सचिवज्यूबाट कार्यपत्रमा बौद्धिक सम्पत्तीको संरक्षण र प्रवर्द्धनमा सरकारी निकायहरूबाट नेतृत्वदायी भूमिका हुने र संरक्षण तथा सचेतना अभिवृद्धिमा सरकार, निजी क्षेत्र, प्राज्ञिक समुदाय, अनुसन्धानमूलक संघसंस्था तथा आम नागरिकको साझा प्रतिबद्धता र क्रियाशीलताबाट मात्र हुने कुरा बताउँदै सबै सरोकारवाला पक्षलाई शुभकामना व्यक्त गरिएको थियो । उद्योग विभागका महानिर्देशक श्री यज्ञराज कोइरालाज्यूले प्रमुख अतिथि, विशेष अतिथि, अतिथि एवं सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै अन्त्यमा कार्यपत्र प्रस्तोता, समीक्षक एवं सबै सहभागीमा धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभयो ।



## विश्व सङ्गीत दिवस समारोह, २०८१ कार्यक्रम:

विश्व सङ्गीत दिवस जुन २१ (असाढ ७ गते) को अवसरमा नेपाल साङ्गीतिक संघको संयोजकत्व र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय समेतको सहकार्यमा विश्व सङ्गीत दिवस समारोह, २०८१ कमलादी, काठमाडौंमा सम्पन्न भयो। साङ्गीतिक संघका अध्यक्ष श्री मिलन मोक्तानको अध्यक्षता र माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री हित बहादुर तामाङको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको उक्त कार्यक्रममा नेपाली सैनिक ब्याण्ड र प्रसिद्ध कलाकारहरूद्वारा गीत सङ्गीत प्रस्तुत गरिनुका साथै विभिन्न शीर्षकका साङ्गीतिक सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। उक्त अवसरमा गीतसङ्गीतका माध्यमबाट एकआपसमा शुभकामना समेत आदानप्रदान भएको थियो।









## माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूसँगको ब्रिफिङ:

यस कार्यालयको आ.व. २०८०/०८१ तर्फ २०८० साल फाल्गुण मसान्त सम्मको कार्यप्रगति, भावी कार्यदिशा तथा कार्यालयका समस्याका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय हित बहादुर तामाङज्यू र सचिव डा. दिपक काफ्लेज्यू समक्ष रजिष्ट्रार श्री पुण्यमाया गुरागाईज्यूबाट मिति २०८० साल चैत्र ८ गते बिहिबार माननीय मन्त्रीज्यू र सचिवज्यूको उपस्थितिका लागि हार्दिक आभार व्यक्त गर्दै आफ्नो प्रस्तुति राख्नुभएको थियो। सो अवसरमा बौद्धिक सम्पत्तिको अभिन्न अङ्ग प्रतिलिपि अधिकारको विषयलाई मन्त्रालयले पनि विशेष कार्यक्रममा समावेश गरेर लैजाने सम्बन्धमा सचिव डा. दिपक काफ्लेज्यूले आफ्नो भनाई राख्नुभएको थियो भने प्रतिलिपि अधिकारको विषय नयाँ र फरक प्रकृतिको भएकोले माननीय मन्त्रिज्यूबाट विशेष चासो व्यक्त गर्नुभएको थियो। माननीय मन्त्रीज्यूबाट ऐन, कानूनको परिधि भित्र रही कार्य गर्दै जान र कामको सम्बन्धमा केही समस्या आएमा यथाशिघ्र मन्त्रालयमा जानकारी दिन निर्देशन दिनुभयो।



# Beijing Treaty, WIPO Copyright Treaty, Performance and Phonograms Treaty, Rome Convention सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न:



नेपाल बर्न महासन्धिको पक्ष राष्ट्र बनी WIPO को सदस्य समेत भइसकेको परिप्रेक्ष्यमा प्रतिलिपि अधिकारसँग सम्बन्धित विभिन्न अभिसन्धिहरूलाई समेत नेपालबाट पारित गर्न नेपालमा रहेका सरोकारवाला पक्षहरूसँग थप बहस छलफल तथा अध्ययन तथा अन्तरक्रिया गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट मिति २०८१ असाढ १६ गते आइतबार नीति अनुसन्धान प्रतिष्ठानको सभाहलमा Beijing Treaty, WIPO Copyright Treaty, WIPO Performance and Phonograms Treaty, Rome Convention सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्राको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख आतिथ्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरस श्रेष्ठज्यूले गर्नुभएको थियो । कार्यक्रममा कार्यालयमा दर्ता भई संचालनमा आएका तीन वटै रोयल्टी सङ्कलन समाजका प्रतिनिधिहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका कानून शाखाका कर्मचारीहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग विभाग लगायतका सरकारी निकायका कानून तर्फका कर्मचारीहरू, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति एवं नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायत अन्तरक्रियामा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत तथा उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्दै प्रतिलिपि कानून सम्बद्ध विभिन्न अभिसन्धिका सम्बन्धमा अन्तरक्रिया गर्नुपर्नाको कारणहरूका साथै कार्यक्रमको मूख्य उद्देश्यका बारेमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले स्पष्ट पार्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुत गरिएको दुईवटा कार्यपत्रहरू मध्ये पहिलो कार्यपत्र नेपाल ल क्याम्पसका प्राध्यापक डा. बलबहादुर मुखियाले प्रस्तुत गर्नुभएको थियो । WIPO Copyright Treaty and Rome Convention मा भएका व्यवस्थाहरूका साथै नेपालले उक्त अभिसन्धि पारित गर्दा प्रतिलिपि अधिकारका सम्बन्धमा प्राप्त हुने लाभका बारेमा कार्यपत्रमा प्रस्तुत गर्नुभयो भने कार्यक्रमको दोस्रो कार्यपत्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री विनोद कुमार भट्टराईले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा Beijing Treaty, WIPO Performance and Phonograms Treaty लाई पारित गर्न अवलम्बन गर्नुपर्ने चरणहरूको सम्बन्धमा समेत प्रस्तुती एवं व्याख्या गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सहसचिव डा. सरेश सुरस श्रेष्ठले कार्यक्रममा प्रस्तुत भएको विषय एकदमै महत्वपूर्ण, ज्ञानबर्दक रहेको, सन्धि सम्झौताका लागि विभिन्न प्रक्रिया पुरा गर्नुपर्ने भएकोले समय लाग्ने र यस कार्यमा सरोकारवाला व्यक्ति, परिवार र समुदायसम्म अगाडि नलागी अनुमोदनको कार्य छिटो पुरा हुन नसक्ने भएकोले सबै लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो । राज्यको प्राथमिकतामा परेर नै यो कार्यक्रम आयोजना गरिएको हो र राज्यबाट एउटा सन्धि पारित गरिसकेपछी अरू अभिसन्धि पारित गर्नुहुँदैन भन्ने भावना कसैले राख्न नहुने र नेपाललाई आवश्यक भएमा अन्य अभिसन्धिहरू समेत अनुमोदन गर्दै जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

आयोजित कार्यक्रमको व्यवस्थापन र संचालनमा सहयोग पुऱ्याउनुहुने सबैमा र कार्यपत्र प्रस्तोताज्यूहरूमा समेत कार्यक्रमको अध्यक्षता गर्नुभएका नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौंका रजिष्ट्रार श्री पुण्य माया गुरागाईले धन्यवाद ज्ञापन गर्दै कार्यक्रममा उपस्थित भएर कार्यक्रम अवधिभर बसी सक्रिय सहभागिताका साथ ट्रिटि अनुमोदन सम्बन्धमा आफ्ना विचारहरू रखिदिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।






## रचना दर्ता सम्बन्धी विज्ञ राय/परामर्श समितिको बैठक:

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको कार्यविधि, २०६१ मा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०८०/०८१ मा यस कार्यालयमा प्रतिलिपि अधिकार दर्ताका लागि पेश हुन आएका कम्प्युटर सफ्टवेयर, वैज्ञानिक लेख-रचना, फोटोजन्य रचना र अन्य प्राविधिक क्षेत्रका सिर्जना दर्ताका सम्बन्धमा सम्बन्धित विषयका विज्ञ तथा विषयविद्सँगको राय तथा परामर्शका लागि विभिन्न मितिमा गरी कुल तेह्र वटा बैठक सम्पन्न भएका छन्।



## रोयल्टी सम्बन्धी उच्चस्तरीय निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय:

कला साहित्य एवं सङ्गीत उद्योगलाई स्थापित गर्ने स्रष्टा कलाकार उत्पादक एवं लेखकको हक अधिकार एवं गौरवलाई प्रवर्द्धन गर्न सिर्जित (सङ्गीत, कला, चलचित्र, लेख) लगायतको सार्वजनिक प्रयोगबाट प्राप्त रोयल्टी उपलब्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद, विकास समितिको निर्णयानुसार सूचना तथा सञ्चार मन्त्रालयबाट गठित समितिबाट पेश भएको प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२।९।१४ को सचिवस्तरीय निर्णयबाट गठन भएको रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक बसेको मिति र बैठकका निर्णय:

### मिति २०८० भाद्र १८ गतेको प्रस्ताव एवं निर्णय:

१. सार्वजनिक स्थलमा हुने सांगीतिक कार्यक्रम मेला महोत्सव, नृत्य, नाटक आदि आयोजना गर्दा गृह मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट अनुमति दिनु पूर्व अनिवार्य रोयल्टी बुझाउने गरी मात्र स्वीकृति दिने व्यवस्थाको लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गरि पठाईएको र सबै जिल्ला प्रशासन कार्यालयमा निर्णय कार्यान्वयनका लागि परिपत्र भएको सन्दर्भमा सामूहिक व्यवस्थापन सङ्गठनले मापदण्ड बनाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा तीन महिना भित्र विवरण पेश गर्ने।

### मिति २०८० पौष १८ गतेको प्रस्ताव एवं निर्णय:

१. मिति २०८० साल भाद्र १८ गते बसेको यस समितिको बैठकमा भएको निर्णयानुसार तीन वटै सामूहिक व्यवस्थापन सङ्गठनले रोयल्टी रकम जम्मा गर्ने प्रयोजनको लागि सहमतीको बैङ्क खाता विवरण तयार गरी तीन महिनाभित्रमा उपलब्ध गराउने भनी निर्णय भएकोमा सो सम्बन्धमा कुनै प्रगति पेश नभएको हुनाले उक्त कार्यलाई प्राथमिकता साथ सम्पन्न गरि सोको जानकारी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा गराउने निर्णय गरियो।

## सामुहिक व्यवस्थापन संगठन (CMOs) चिनारी:

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३८ बमोजिम प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि विधागत रुपमा रोयल्टी सङ्कलन संस्था गठन गरिने र रजिष्ट्रार समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्ने व्यवस्था छ।

यसरी दर्ता भएका अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्थाहरू यस प्रकार छन्।

क. सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल (MRCSN)

ख. सङ्गीत तथा चलचित्र उत्पादक समाज नेपाल (MFPSN)

ग. प्रस्तोता समाज नेपाल (PSN)

यसरी दर्ता भई कार्य गर्ने सामुहिक व्यवस्थापन सङ्गठन (CMOs) ले व्यक्ति सरह चलअचल सम्पत्ति, आफ्नो सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजुर गर्न वा सोही नामबाट नालिस उजूर लाग्न सक्ने व्यवस्था छ। प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम ८ बमोजिम उल्लिखित संस्थाले दर्ता प्रमाणपत्र प्राप्त गर्ने, नियम ९ बमोजिम लेखापरीक्षण र नवीकरण तथा नियम १० बमोजिम काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

## प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा भएको रचना दर्ता सम्बन्धी विवरणः (२०८१ साल आषाढ १७ गते सम्मको)

| क्र.स. | विधा | आ.व. २०७९/०८० सम्मको जम्मा | आ.व. २०८०/०८१ (२०८० साल श्रावण १ गते देखि २०८१ साल अषाढ १७ गते सम्म) को जम्मा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | साहित्य | १९३० | ८७ | २०१७ | |
| २ | म्यागजिन प्रकाशन | ३ | ० | ३ | |
| ३ | अनुवाद रचना | ५ | प | ५ | |
| ४ | आर्ट / पेन्टिङ | १६७ | २ | १६९ | |
| ५ | ध्वनिअङ्कन | २५३ | १० | २६३ | |
| ६ | आर्किटेक्ट नमूना | ४७ | ० | ४७ | |
| ७ | काष्ठकला, धातुकला, मूर्तिकला, डिजिटल आर्ट | ९४ | ० | ९४ | |
| ८ | कम्प्युटर सफ्टवेयर | ५६ | १४ | ७० | |
| ९ | प्रस्तुति रचना, श्रव्य दृश्य रचना | १२ | १ | १३ | |
| १० | फोटोग्राफी | ५० | ० | ५० | |
| ११ | शोधपत्र | ७ | २ | ९ | |
| १२ | चलचित्र, वृत्तचित्र | १० | ० | १० | |
| १३ | वैज्ञानिक लेख रचना | १८ | ० | १८ | |
| १४ | नाटक, नाट्य सङ्गीत, मूक चित्र | १२ | ० | १२ | |
| १५ | प्रयोगात्मक कला | ० | ० | ० | |
| | जम्मा | २६६४ | ११६ | २७८० | |

## प्रतिलिपि अधिकार भनेको के हो ?

साहित्य, कला, ज्ञानविज्ञान, सूचना प्रविधि तथा अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले सिर्जना गरिएका रचना तथा ध्वनीअंकन प्रस्तुति र प्रसारण जस्ता क्षेत्रमा श्रष्टालाई कानुनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ। रचनाको उतपादन पुनरुपादन सर्वसाधारणमा प्रसार, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने श्रष्टाको अधिकार समुच्च अधिकार नै प्रतिलिपि अधिकार हो र बौद्धिक सम्पत्तिको मुख्य अंशको रुपमा रहेको प्रतिलिपि अधिकारलाई विश्वब्यापी संरक्षण दिने प्रयास भइरहेको छ।

## कस्ता सिर्जनाहरूको प्रतिलिपि अधिकार संरक्षण हुन्छ ?

साहित्य, सांगीतिक, कलात्मक नक्सा तथा प्राविधिक चित्र, फोटोग्राफी, चलचित्र, कम्प्युटर प्रोग्राम मल्टिमिडिया उत्पादन जस्ता सिर्जनामा श्रष्टाको प्रतिलिपि अधिकार संरक्षण हुन्छ। यस अन्तर्गत साहित्यिक रचना (उपन्यास, कथा, कविता, नाटक, निवन्ध आदि) संगीत तथा वाद्यवादन खाका चित्रण, ललितकला कालिगढी निर्माण, डिजाइन जस्ता कला लगायतका सिर्जनाहरू पर्दछन्।

कम्प्युटर सफ्टवेयर निर्माता वेबसाइट सर्जक, मल्टिमिडिया व्यवसायी, विज्ञापन एजेन्सीहरू, रेडियो स्टेशनहरू, प्रकाशन गृहहरू र टेलिभिजन च्यानलहरूले प्रतिलिपि अधिकारयुक्त वस्तुको नियमित रुपमा सिर्जना र उपयोग एवं प्रसारणको कार्य गर्दछन्। त्यस्ता अधिकारयुक्त सामग्रीहरूको साथै कम्पनीका विज्ञापनहरू कार्यविधि सम्बन्धी जानकारीमूलक रचना पनि संरक्षित हुन्छन्। प्रतिलिपि अधिकार संरक्षण हुन सिर्जनाको शब्दावली लेखन, सांगीतिक नोट एवं कम्प्युटर कोडिङ, डिजाइन, पेन्टिङ्ग आदि कुनै माध्यमबाट प्रस्तुत गरिएको हुन सक्छ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको अनुरोध:

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण रचनामा रचनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा रचनाको प्रयोग गर्दा निम्नानुसारका बिषयमा सतर्कता अपनाउनु हुन अनुरोध छ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन।
- चलचित्रको पुरै वा आंशिक अंश चलचित्रको उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुँदैन।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ।
- पुस्तक, लेख वा रचनाको पुरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्तो रचनाको फोटोकपी गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ।
- प्रसारण संस्थाले आफैले तयार गरी प्रसारण गरेको सामग्री अरुले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन।

*अनुमति विना त्यस्ता कार्यहरू गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र रचनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ।*

## प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी गुनासो तथा उजुरी:

बौद्धिक सम्पत्तिको प्रतिलिपि अधिकार उल्लङ्घनका विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा पेश भएका गुनासो तथा उजुरीको विवरण निम्नानुसार रहेको छ।

| क्र.स. | निवेदन मिति | गुनासो तथा उजुरीको व्यहोरा | कारवाहीको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६/०६/१६ | अनुमति बिना विभिन्न ४३ गीत सङ्गीतका ट्रयाकहरू प्रयोग गरिएकोमा क्षतिपूर्ति माग। | मिति २०७६/०६/२२ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| २ | २०७६/०७/१९ | नाका नामक चलचित्रको अनाधिकृत प्रसारण रोकी क्षतिपूर्ति समेत भराइपाऊँ। | मिति २०७६/०७/२५ मा प्रतिवादीले आगामी दिनमा गल्ती नदोहोर्याउने प्रतिबद्धता सहित क्षमायाचना गरेको। | |
| ३ | २०७९/०९/१९ | सही सुकुटीको विज्ञापन श्रव्य दृश्य चोरी भएकोले प्रतिलिपि अधिकार संरक्षण गरिपाऊँ। | मिति २०७९/०९/२१ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, जावलाखेलमा पठाइएको। | |
| ४ | २०७९/०९/२० | सिलाई, कटाई सम्बन्धी पुस्तकको चित्रहरू हुबहु नक्कल गरिएकोमा कारबाही गरिपाऊँ। | मिति २०७९/०९/२२ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| ५ | २०७९/११/२९ | डकुमेन्टहरू अनाधिकृत रूपमा प्रयोग गर्दै आएकोमा छानबिन गरिपाऊँ। | उजुरीका सम्बन्धमा कार्यालयबाट आरोपित निकायमा मौखिक रूपमा जानकारी गराई सचेत गराइएको र सो व्यहोरा उजुरीकर्तालाई समेत सूचित गरिएको। | |
| ६ | २०७९/११/३० | प्रतिलिपि अधिकार उल्लङ्घनको कारबाही सम्बन्धमा। | मिति २०८०/०१/१० मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| ७ | २०७९/१२/२० | सिर्जना चोरीको उजुरी। | उजुरीका सम्बन्धमा कार्यालयबाट आरोपित निकायमा मौखिक रूपमा जानकारी गराई सचेत गराइएको र सो व्यहोरा उजुरीकर्तालाई समेत सूचित गरिएको। | |
| ८ | २०७९/१२/२७ | प्रतिलिपि अधिकार उल्लङ्घनको कारबाही सम्बन्धमा। | मिति २०८०/०२/१० मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| ९ | २०८०/०१/१९ | ट्रेडमार्क दर्ता खारेज गरी प्रतिलिपि अधिकार हनन् सम्बन्धमा कारबाही गरिपाऊँ। | मिति २०८०/०१/२१ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| १० | २०८०/०३/०३ | प्रतिलिपि अधिकार संरक्षण सम्बन्धमा। | प्रतिवादीलाई फोन गरेर उजुरीको विषयमा जानकारी गराइएको। | |
| ११ | २०८०/०३/०३ | अनाधिकृत रूपमा पुस्तक प्रकाशन सम्बन्धमा। | सम्बन्धित व्यक्तिलाई कानूनी कारबाहीको बारेमा जानकारी गराइएको। | |
| १२ | २०८०/०४/१९ | चलचित्र पाइरेसी गरिएकोमा कारबाही गरिपाऊँ। | मिति २०८०/०४/१९ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| १३ | २०८०/०४/१९ | पुस्तक अनाधिकृत रूपमा बिक्रि वितरण सम्बन्धमा। | मिति २०८०/०४/१९ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |
| १४ | २०८०/०५/१३ | सञ्चार नेटवर्कको गैरकानूनी प्रसारण सम्बन्धमा। | मिति २०८०/०५/१३ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको। | |

| | | | | |
|---|---|---|---|---|
| १५ | २०८०/०६/०८ | चलचित्र अनाधिकृत निर्माण सहमती सम्बन्धमा । | वादी-प्रतिवादी बीच आपसी सहमती गरी मिति २०८०/०६/०९ मा उजुरी फिर्ता लिइएको । | |
| १६ | २०८०/०६/२५ | गीत, सङ्गीतको अनाधिकृत चोरी सम्बन्धमा उचित कारबाही गरिपाऊँ । | मिति २०८०/०६/२६ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको । | |
| १७ | २०८०/०७/२१ | कम्प्युटर एप्लिकेशन सफ्टवेयरको दर्ता रोकी पाऊँ । | कार्यान्वयनको क्रममा रहेको/निर्णय भइनसकेको अवस्था । | |
| १८ | २०८०/०९/११ | पुस्तक अनाधिकृत रूपमा बिक्रि वितरण सम्बन्धमा । | मिति २०८०/०९/१८ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको । | |
| १९ | २०८०/०९/१७ | म्युजिक भिडियोको प्रतिलिपि अधिकार उल्लङ्घन गरिएको सम्बन्धमा । | मिति २०८०/११/०४ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको । | |
| २० | २०८०/१०/२५ | म्युजिक भिडियोको प्रतिलिपि अधिकार उल्लङ्घन गरिएको सम्बन्धमा । | मिति २०८०/११/२४ मा आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकु पठाइएको । | |
| २१ | २०८१/०२/११ | पुस्तकको अनाधिकृत बिक्रि वितरणमा कारबाही गरिपाऊँ । | आवश्यक कारबाहीका लागि श्री महानगरीय प्रहरी परिसर, टेकुको इमेल ठेगानामा पत्र पठाइएको । | |
| २२ | २०८१/०२/२१ | फोटोजन्य रचना चोरी गरिएको सम्बन्धमा । | कार्यान्वयनको क्रममा रहेको/निर्णय भइनसकेको अवस्था । | |
| २३ | २०८१/०२/२८ | गीत चोरी सम्बन्धमा । | कार्यान्वयनको क्रममा रहेको/निर्णय भइनसकेको अवस्था । | |
| २४ | २०८१/०३/०२ | गीत चोरी सम्बन्धमा । | कार्यान्वयनको क्रममा रहेको/निर्णय भइनसकेको अवस्था । | |
| २५ | २०८१/०३/०४ | गीत चोरी सम्बन्धमा । | कार्यान्वयनको क्रममा रहेको/निर्णय भइनसकेको अवस्था । | |

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौं कर्मचारीहरूको सम्पर्क विवरण:

| क्र. सं. | नाम थर | पद | इमेल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री पुण्य माया गुरागाई | रजिष्ट्रार | punyamayaguragai8@gmail.com | ९७६५९७८९६२ |
| २. | श्री उत्तम प्रसाद दवाडी | कम्प्युटर अधिकृत | updawadi@hotmail.com | ९८१३२५५४९० |
| ३. | श्री सुरेशचन्द्र अधिकारी | शाखा अधिकृत | adhikari_scl@yahoo.com | ९७६५९७८९६३ |
| ४. | श्री सुनिता अर्याल | कानून अधिकृत | aryalsunita35@gmail.com | ०१४५३९३०५ |
| ५. | श्री सुशिला के.सी. | नायव सुब्बा | kcsushila11@gmail.com | ०१४५३९३०६ |
| ६. | श्री कमल बहादुर तामाङ्ग | लेखापाल | tamangkamal2046@gmail.com | ०१४५३९३०५ |
| ७. | श्री लिलादेवी रेग्मी | नायव सुब्बा | lila.walkman93@gmail.com | ०१४५३९३०९ |
| ८. | श्री शालिकराम खतिवडा | नायव सुब्बा | shalik.khatiwada@gmail.com | ०१४५२५४९७ |
| ९. | श्री लक्ष्मुमण श्रेष्ठ | ह. स. चालक | | |
| १०. | श्री अस्मिता बास्तोला | कार्यालय सहयोगी | | |
| ११. | श्री अनिल लामिछाने | कार्यालय सहयोगी | anillamichhane900@gmail.com | |




कार्यालय परिवार

# रचना/ध्वनिअङ्कन/प्रस्तुति वा प्रसारण दर्ता प्रक्रिया:

बौद्धिक सम्पत्तिका धनीले आफूले सिर्जना गरेका रचना/ध्वनिअङ्कन/प्रस्तुति/प्रसारणको प्रतिलिपि अधिकार दर्ता गराउन चाहेमा निम्नलिखित प्रक्रिया अपनाउन सकिन्छ ।

❖ nepalcopyright.gov.np को Online Apply मा क्लिक गरी तल उल्लेख गरेबमोजिम गर्नुहोस:

रचना दर्ता प्रणालीको लागि
Scan गर्ने QR Code

**व्यक्तिगत दर्ताका लागि:**

१. पासपोर्ट साईजको फोटो: Scan Copy– JPG/ JPEG Format
२. नागरिकताको प्रमाणपत्रको अगाडिको भाग: Scan Copy– JPG/ JPEG Format
३. नागरिकताको प्रमाणपत्रको पछाडिको भाग: Scan Copy– JPG/ JPEG Format

**संस्थागत दर्ताका लागि:**

१. संस्था दर्ता प्रमाणपत्र: Scan Copy– JPG/JPEG Format
२. दर्ता प्रबन्धपत्र, नियमावली, कर चुक्ता प्रमाणपत्र: Scan Copy– JPG/JPEG Format
३. कम्पनीको आधिकारिक छाप: Scan Copy– JPG/JPEG Format

**वेबसाइटको एप्लिकेसनमा सबै विवरण भर्ने र माथि उल्लेखित कागजात अपलोड गर्दै जाने ।**

**राजश्व तिर्ने प्रक्रिया:**

१. सर्वप्रथम revenue.fcgo.gov.np को साइटमा गएर Log in गर्ने ।
२. युजर र पासवर्ड राखी sign in गर्ने वा "नयाँ प्रयोगकर्ता" बनेर सङ्घीय कार्यालय अन्तर्गत काठमाडौं जिल्ला (कोड नं. ३५) छनौट गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय (कोड ३२५०४३५०१) छानेर राजस्व शीर्षक १४२२९- अन्य प्रशासनिक सेवा शुल्क मा बापत् महलमा रचनाको नाम र रचयिताको नाम उल्लेख गरी e–sewa/connect IPS/Khalti बाट प्रत्येक रचनाको लागि रु. ११०- का दरले राजश्व तिर्ने वा राष्ट्रिय वाणिज्य बैंकमा सोही व्यहोराको भौचर तयार गरी Online Application मा तोकिए अनुसार अपलोड गर्ने ।

**आवश्यक दायरा/शर्तहरू:**

➢ तोकिएको रचनाको pdf, ध्वनिअङ्कन वा भिडियोको प्रति अपलोड गर्ने 100 MB भन्दा कम साइजको हुनुपर्ने ।
➢ रचनामा आफ्नो भूमिका (लेखन, गायन, सङ्गीत, अभिनय/निर्माण/उत्पादन आदि) के हो उल्लेख गर्ने ।
➢ थप प्रमाण पुष्ट्याईंको कागजात भए सोको Scan Copy समेत Supporting files अन्तर्गत Submit गर्ने ।

**प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनुहोला ।**

**Nepal Copyright Registrar's Office**
Narayanhiti, Kathmandu, Nepal
Tel : 977-1-4539305, 4539306 • Fax: 977-1-4539309, P.O. Box : 430
E-Mail: info@nepalcopyright.gov.np • Web Page: nepalcopyright.gov.np